0/c

# गोलबजार नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## गोलबजार, सिरहा
२ नं. प्रदेश, नेपाल

पं. सं:-०७५/७६ (योजना तथा प्राविधिक शाखा)

मिति: २०७५।०९।०६

च.नं.- १०६९

गोलबजार नगरपालिका नगरकार्यपालिकाको कार्यालय गोलबजार, सिरहा २ नं. प्रदेश, नेपाल

**विषय:-उपभोक्ता समिति गठन गरी सम्झौता गरी कार्यादेश लिन पठाइदिनुहुन ।**

- ❖ श्री वडाध्यक्षज्यू, वडा नम्बर १, गोलबजार नगरपालिका, सिरहा
- ❖ श्री वडाध्यक्षज्यू, वडा नम्बर २, गोलबजार नगरपालिका, सिरहा
- ❖ श्री वडाध्यक्षज्यू, वडा नम्बर ३, गोलबजार नगरपालिका, सिरहा
- ❖ श्री वडाध्यक्षज्यू, वडा नम्बर ४, गोलबजार नगरपालिका, सिरहा
- ❖ श्री वडाध्यक्षज्यू, वडा नम्बर ५, गोलबजार नगरपालिका, सिरहा
- ❖ श्री वडाध्यक्षज्यू, वडा नम्बर ६, गोलबजार नगरपालिका, सिरहा
- ❖ श्री वडाध्यक्षज्यू, वडा नम्बर ७, गोलबजार नगरपालिका, सिरहा
- ❖ श्री वडाध्यक्षज्यू, वडा नम्बर ८, गोलबजार नगरपालिका, सिरहा
- ❖ श्री वडाध्यक्षज्यू, वडा नम्बर ९, गोलबजार नगरपालिका, सिरहा
- ❖ श्री वडाध्यक्षज्यू, वडा नम्बर १०, गोलबजार नगरपालिका, सिरहा
- ❖ श्री वडाध्यक्षज्यू, वडा नम्बर ११, गोलबजार नगरपालिका, सिरहा
- ❖ श्री वडाध्यक्षज्यू, वडा नम्बर १२, गोलबजार नगरपालिका, सिरहा
- ❖ श्री वडाध्यक्षज्यू, वडा नम्बर १३, गोलबजार नगरपालिका, सिरहा

यस नगरपालिकाको मिति २०७५।०३।११ र ३२ गते सम्पन्न दोश्रो नगरसभाबाट पारित सो वडाको वडास्तरीय योजनाहरुको कार्यान्वयनका लागि सानातिना श्रममूलक योजनाहरुको सन्दर्भमा कार्यक्रम सम्पन्न हुने स्थानका लाभग्राही नागरिकहरु भेला गराई वडाध्यक्षको रोहवरमा र वडा सचिव वा सामाजिक परिचालक वा नगरकार्यपालिकाको कर्मचारीको उपस्थितिमा यसैसाथ संलग्न **उपभोक्ता समिति गठनसम्बन्धी कार्यविधि** बमोजिम आफ्ना वडास्तरीय योजनाहरुको उपभोक्ता समिति गठन गरी सोही निर्देशिका बमोजिमको प्रक्रिया पुऱ्याई **यही २०७५ साल पौष मसान्तभित्रमा सम्झौता गर्न पठाइदिनुहुन** अनुरोध छ । साथै तालिम सञ्चालनका लागि उपयुक्त विधिद्वारा (सस्थासंग सम्झौता या आफैले तालिम सम्पन्न गर्ने विधिबाट) कार्यसम्पन्न गर्नुहुन र खरीदका लागि सार्वजनिक खरीद ऐन तथा नियमाबलीको प्रक्रिया अपनाउनुहुन समेत जानकारी गराइन्छ । नगरसभाबाट पारित योजनाको सूची यसैसाथ संलग्न गरी पठाइएको छ ।

**बोधार्थ :**
**श्री आर्थिक प्रशासन शाखा**
**गोलबजार नगर कार्यपालिकाको कार्यालय**
**गोलबजार, सिरहा ।**

0/c

प्रमुख प्रशासकिय अधिकृत
(रा. प्रति.)

## उपभोक्ता समिति गठन सम्बन्धी कार्यविधि

१. उपभोक्ता समिति मार्फत् आयोजना कार्यान्वयन र सञ्चालन गर्दा आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने घरपरिबारको आम भेलाबाट सम्बन्धित आयोजनास्थलमै ७ देखि ११ सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ। आयोजना सम्झौता गर्दा उपभोक्ता समितिका सदस्यहरुले नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ। साथै अध्यक्ष, सचिव र कोषाध्यक्षको हकमा तीनपुस्ते नामनामेसी पेश गर्नुपर्नेछ।

२. उपभोक्ता समितिमा कम्तीमा कुल सदस्य संख्याको ३३ प्रतिशत महिला सदस्य अनिवार्य रुपमा हुनुपर्नेछ। साथै प्रमुख पद अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कुनै एक पदमा अनिवार्य महिला हुनुपर्नेछ। भेलामा दलित, महिला,आदिवासी/जनजाति समुदाय तथा लक्षितवर्ग आदिको उपस्थिति रहेमा उपभोक्ता समितिमा पनि प्रतिनिधित्व गराउनुपर्नेछ।

३.सर्वदलीय संयन्त्रमा भागलिने राजनीतिक दलका प्रतिनिधिहरु, बहालवाला सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी, सरकारी पेश्की वा वेरुजु फछ्र्यौट नगरेका व्यक्तिहरु उपभोक्ता समितिको सदस्य हुन पाउने छैनन्। साथै एकै समयमा एकै व्यक्ति दुइवटा आयोजनाको उपभोक्ता समितिमा बस्न पाइने छैन र एकै घरपरिवारका सदस्य एक भन्दा बढी उपभोक्ता समितिमा बस्न पाइने छैन।

४. उपभोक्ता समिति गठन गर्दा अनिवार्य रुपमा स्थानीय तहले तोकेको वडाध्यक्ष, निर्वाचित पदाधिकारी, वडा सदस्य,सरकारी कर्मचारी, वडा प्रशासकीय प्रमुख/सामाजिक परिचालकको रोहवरमा गर्नुपर्नेछ।

५. उपभोक्ता समिति गठन गर्दा उपभोक्ता भेलाबाट आयोजनाको कार्यान्वयनमा सहजीकरण एवं अनुगमन गर्न एक जना महिला सहित बढीमा ५ जनासम्मको छुट्टै सुपरिवेक्षण एवं अनुगमन समिति गठन गर्नुपर्नेछ। साथै आयोजनाको अन्तिम भुक्तानी एवं फरफारक गर्नुपूर्व उक्त समितिको निर्णय सहितको सिफारिस र वडा कार्यालयको किटानी सिफारिस समेत पेश गर्नुपर्नेछ।

६. उपभोक्ता समितिको खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

७. उपभोक्ता समिति गठन गरी सम्पूर्ण कागजात एवं वडाको सिफारिस सहित तोकिएको समय २०७५ पौष मसान्तभित्र सम्झौता गर्न नआएमा कार्यालयले प्रचलित कानूनबमोजिम ठेक्कापट्टा वा अन्य प्रक्रियाबाट सञ्चालन गर्नेछ।

८. यातायात सञ्चालन भएका वडाहरु अन्तर्गतका मुख्य-मुख्य सडकहरुमा ट्र्याक खन्ने काम पूरा भएकोमा सडकमा आवश्यक पर्ने स्ट्रक्चरका कामहरु (साइड ड्रेन,टेवा पर्खाल निर्माण, ग्राभेलिङ आदि) का लागि बजेट विनियोजन भएको अवस्थामा इच्छुक उपभोक्ता समितिले आफूले गर्न सक्ने/नसक्ने एकीन गरी निवेदन/प्रस्ताव पेश गर्नुहुन जानकारी गराइन्छ। उपभोक्ता समितिलाई दिइएको काम आफैले नगरी कुनै निर्माण व्यवसायी वा सव-कन्ट्राक्टर मार्फत् गराउन पाइनेछैन, यसरी गराइएको पाइएमा सम्झौता रद्द गरी कार्यालयले ठेक्कापट्टाबाट कार्यान्वयन गर्नेछ।

९. दुई वा दुईभन्दा बढी वडासंग सम्बन्धित योजनाको हकमा सम्बन्धित वडाहरुसंग समन्वय गरी उपभोक्ता समिति गठन गर्नुपर्नेछ।कूल लागतको कम्तिमा १०% रकम उपभोक्ता समितिबाट व्यहोर्नुपर्नेछ।

१०.नेपाल सरकार तथा मन्त्रालयबाट गरिएको परिपत्रअनुसार उपभोक्ता समितिबाट हुने योजनाहरुको निर्माण कार्यमा मेशीन ( एक्साभेटर/डोजर तथा हेभी इक्विपमेण्ट) प्रयोग गर्न नपाइने नीति रहेकाले (अन्यथा निर्णय भएको अवस्थामा सोही बमोजिम हुने ) सोहीअनुसार गर्नुपर्नेछ।

अधिकृत